# स्थानीय राजपत्र

नौकुण्ड गाउँपालिका, रसुवाद्वारा प्रकाशित

| खण्ड १ | संख्या ९ | मिति: २०७६।०४।०१ |
| --- | --- | --- |

**भाग १**

**नौकुण्ड गाउँपालिका**

नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

सम्वत् २०७६ सालको ऐन संख्या ९

## नौकुण्ड गाउँपालिकाको आर्थिक ऐन, २०७६

## नौकुण्ड गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तवना :** नौकुण्ड गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयनको गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम नौकुण्ड गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

नौकुण्ड गाउँपालिका, रसुवा

१. **संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम “आर्थिक ऐन, २०७६” रहेको छ ।

(२) यो ऐन २०७६ साल श्रावण १ गते देखि नौकुण्ड गाउँपालिका क्षेत्रमा लागु हुनेछ ।

२. **सम्पति करः** गाउँपालिका क्षेत्र भित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्र भित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७)

बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन कर:** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ। तर, प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्क:** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्क:** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्याफ्टीङ्ग शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुर:** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्क:** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**१५. कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

**१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

## आन्तरिक आय तर्फको प्रस्तावित विवरणः

रु.हजारमा

| क्र.सं | विवरण | आ.व २०७४/०७५ को यथार्थ विवरण | चालु आ.व २०७५/०७६ को संशोधित आय अनुमान | आ.व २०७६/०७७ को प्रस्तावित आय अनुमान | कैफियत |
|---|---|---|---|---|---|
| १ | सम्पत्ति कर | ० | ३२५ | ३०० | |
| २ | घर जग्गावहाल कर | ० | १० | ८० | |
| ३ | भूमी कर (मालपोत) | ० | २५ | १५० | |
| ४ | ब्यवसाय कर | ० | १५० | ४०० | |
| ५ | सेवाशुल्क (सिफारिस समेत) | ४८४ | २५० | १००० | |
| ६ | जडिवुटि कवाडी कर | ० | १० | २५० | |
| ७ | वहालविरौटी कर | ० | ५ | २० | |
| ८ | प्राकृतिक स्रोत उपयोग कर | ० | २०० | २३० | |
| ९ | सवारी कर | ० | | | |
| १० | नक्सापास दस्तुर | | २०० | ७० | |
| जम्मा | | ४८४ | ११७५ | २५०० | |

**नौकुण्ड गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

सरमथली, रसुवा

गाउँपालिकाको आ.व २०७६/०७७ राजश्व

## अनुसुची १

## सम्पत्ति कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | |
|---|---|---|---|---|
| | | | एक तले | दुई तले |
| १. | सम्पत्ती कर | ढुङ्गा माटो जोडाई जस्ता/ढुङ्गा छानो | १०० | ० |
| | | भुकम्प प्रतिरोधि घर जस्ता छानो भएको एक तले | २०० | ० |
| | | आर.सि.सि पक्की घर | ३०० | ४०० |
| आर.सि.सि पक्की घर २ भन्दा माथि थप तलाको लागि ५०० लाग्नेछ। | | | | |

## अनुसुची २

## भुमी कर (मालपोत)

| क्र.स. | विवरण | विस्तृत विवरण | दर (प्रति रोपनी) | |
|---|---|---|---|---|
| | | | धनहर | पाखो |
| १. | भुमि कर | अब्बल | ३० | २५ |
| | | दोयम | २५ | २० |
| | | सिम | २० | १५ |
| | | चाहार | १५ | १० |
| नोटः १ वर्ष भन्दा बढी समयसम्म कर नबुझाउनेलाई जम्मा कर रकममा १० प्रतिशत २ वर्ष भन्दा बढी समय कर नबुझाउनेलाई २० प्रतिशत र ५ वर्ष भन्दा लामो समय कर नबुझाउनेलाई ३५ प्रतिशत थप जरिवाना लाग्नेछ। | | | | |

नौकुण्ड गाउँपालिका, रसुवा

## अनुसुची ३
## घर वहाल कर

**घर वहाल कर घर भाडाको १० प्रतिशत लगाईने छ।**

## अनुसुची ४
## व्यवसाय कर
### व्यवसाय दर्ता/ नवीकरण शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर्ता शुल्क | नविकरण शुल्क |
|---|---|---|---|---|
| १. | व्यापार व्यवसाय कर | कपडा/फेन्सी/कस्मेटीक/व्याग/जुत्ता पसल | १००० | ५०० |
| | | सुन चाँदी गहना पसल | २००० | १००० |
| | | हार्डवेयर | ३००० | १५०० |
| | | सवारी साधन विकी शोरुम | ३००० | १५०० |
| | | कलर ल्याव | १५०० | ८५० |
| | | केवुल तथा डिस होम | ५००० | ३००० |
| | | बैंक सरकारी/ निजी | १०००० | ७००० |
| | | वित्तिय संस्था फाईनान्स | ४००० | २५०० |
| | | उत्पादक सहकारी | १००० | ५०० |
| | | महिला सहकारी | ८०० | ४०० |
| | | अस्पताल (निजी) | ३००० | २५०० |
| | | मेडिकल/ आयुर्वेद | १५०० | १००० |
| | | किराना पसल वर्गिकरणको आधारमा | १००० | ५०० |
| | | किराना जनरल स्टोर्स | १००० | ५०० |

| | | | | |
|---|---|---|---|---|
| | | एफ एम रेडियो सामुदायिक | १००० | ५०० |
| | | एफ एम रेडियो निजी | २००० | १५०० |
| | | भाडा पसल | १००० | ५०० |
| | | इलेक्ट्रिक पसल | १००० | ५०० |
| | | कम्प्यूटर/मोवाईल/टिभि विक्रि तथा मर्मत | १००० | ५०० |
| | | पेट्रोल पम्प तथा थोक ग्यास विक्रेता | ५००० | ३००० |
| | | फर्निचर तथा फर्निसिङ | २५०० | १५०० |
| | | कोचिङ सेन्टर/ कम्प्यूटर ईन्स्टिच्यूट | ३००० | १५०० |
| | | कन्सल्टेन्सी/ परामर्श सेवा/म्यानपावर | ३५०० | २००० |
| | | माछा/ मासु | १००० | ५०० |
| | | गिफ्ट सामान | ५०० | २०० |
| | | फलफुल/ तरकारी/ दुध | ५०० | २०० |
| | | मदिरा पसल थोक | ४००० | ३००० |
| | | मदिरा पसल खुद्रा | २००० | १००० |
| | | स्टेसनरी थोक | २००० | १००० |
| | | स्टेसनरी खुद्रा | १००० | ५०० |
| | | पुल हाउस, स्नुकर हाउस संचालन | २००० | १००० |
| | | फोटोकपी/ नेटवर्किङ/ साइवर | ५०० | ३०० |
| | | व्यूटि पार्लर | ५०० | ३०० |

| | | | | |
|---|---|---|---|---|
| | | सिलाई कटाई तालिम | १००० | ५०० |
| | | टेलरिङ | ५०० | ३०० |
| | | सिसा प्लाईउड पसल | १००० | ५०० |
| | | साईनबोर्ड पेन्टिङ पसल | ५०० | ३०० |
| | | सोलार | १५०० | ७५० |
| | | कुरियर सेवा | ५०० | ३०० |
| | | घ वर्गको निर्माण ब्यवसायी | १०००० | ५००० |
| | | घरेलु तथा कृषि उद्योग गाई/ पशु फर्म | ५०० | ३०० |
| | | फोटो ग्राफी/ भिडियो | १००० | ५०० |
| | | सर्भेयर | १००० | ५०० |
| | | कानून व्यवसायी/ लेखनदास | २००० | १००० |
| | | ड्राईक्लिनर | १००० | ५०० |
| | | सवारी साधन मर्मत | १००० | ५०० |
| | | सवारी साधन पार्टपूर्जा विकी | २००० | १००० |
| | | हेयर कटिङ्ग | ५०० | ३०० |
| | | एग्रोभेट/ विउविजन | १००० | ५०० |
| | | होस्टेल | १००० | ५०० |
| | | टेण्ट/ क्याटरिङ | १५०० | १००० |
| | | चटपटे/ आइसकिम | ५०० | २०० |

| | | | | |
|---|---|---|---|---|
| | | मनि ट्रान्सफर | १००० | ५०० |
| | | ट्रेड सेन्टर | २००० | १००० |
| | | डिपार्टमेन्टल स्टोर्स | २००० | १००० |
| | | फुटकर व्यापारी अनुमती पत्र | एक महिनाको लागि १००० | गाडि सहित २००० महिनाको |
| | | ईन्टरनेट सेवा प्रदायक | २००० | १००० |
| २ | निर्माण उपकरण सूचि दर्ता | डोजर/ रोलर/ ग्रेडर दर्ता चेन भएको | वर्षको १०००० एकमुष्ठ | |
| | | डोजर/ रोलर/ ग्रेडर दर्ता टायर भएको | वर्षको १०००० एकमुष्ठ | |
| ३ | शैक्षिक संस्था, संघ संस्था, सहकारी | निजि विद्यालय | ५००० | २००० |
| | | क्याम्पस | १०००० | ३००० |
| | | प्राविधिक शिक्षालय | ३००० | २००० |
| | | संघ संस्था दर्ता | १००० | ५०० |
| | | लक्षित वर्ग/समूह दर्ता | ५०० | २५० |
| | | सहकारी | १००० | ५०० |
| ४ | विमा एजेन्ट | विमा कम्पनी | १००० | ५०० |
| ५ | उद्योग व्यवसाय | छापाखाना | २००० | १००० |
| | | स्वदेशी वस्त्र उद्योग एंव शोरुम | ५०० | ३०० |
| | | ईटा टायल | २००० | १००० |

| | | | | |
|---|---|---|---|---|
| | | होजियारी उद्योग | ५०० | ३०० |
| | | कुटानी पिसानी मिल (ठूलो) | १००० | ५०० |
| | | कुटानी पिसानी मिल (सानो) | ५०० | ३०० |
| | | जुत्ता उद्योग | १५०० | ७५० |
| | | भाडा उद्योग | १५०० | ७५० |
| | | आल्मुनियम पसल/ स्टिल फर्निचर | २००० | १००० |
| | | तयारी पोशाक | १००० | ५०० |
| | | फर्निचर तथा काष्ठ | २५०० | १५०० |
| | | पोल्ट्री फर्म | १००० | ५०० |
| | | स: मिल | २००० | १००० |
| | | ग्रिल उद्योग | २००० | १००० |
| | | पाउरोटि उद्योग | १००० | ५०० |
| | | फ्लेक्स प्रिन्टि | १००० | ५०० |
| | | पार्टि प्यालेस | १५०० | १००० |
| | | पर्यटक स्तरीय होटल | २००० | १००० |
| ६ | होटल व्यवसाय | सुत्ने खाने व्यवस्था भएको होटल/ मिठाई पसल | ५०० | ३०० |
| | | बार समेतको रेस्टुरा | १००० | ५०० |
| | | चिया नास्ता पसल सामान्य खालको | २०० | १०० |

## अनुसुची ५

## जडिबुटी, कवाडी र जीवजन्तु अवसेस कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | कवाडी माल | ठेक्का पट्टाबाट लगाईने | वर्षको २५०००० |

## अनुसुची ६

## सवारी साधन कर

| सडक निर्माण तथा मर्मत संभार दस्तुर |
|---|
| विस्तृत अध्ययन पश्चात लागु गरिने |

## अनुसुची ७

## विज्ञापन कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | होर्डिङ बोर्ड | प्रति वर्ग फिट | ५ |
| २ | तुल व्यानर | प्रति गोटा | १०० |
| ३ | गाडिमा सामान बोकि विज्ञापन | प्रति पटक | २०० |

## अनुसुची ८

## मनोरञ्जन कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | मनोरञ्जनात्मक कार्यक्रम | मेला/ महोत्सव/ कर्न्सट/ सांस्कृतिक कार्यक्रम प्रति पटक | १००० |

नौकुण्ड गाउँपालिका, रसुवा

## अनुसुची ९

## बहाल बिरौटी कर

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | निर्माण रेखदेख मर्मत सम्भार खर्च | कुल आयको | ५ प्रतिशत |

## अनुसुची १०

## पार्किङ शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | प्रतिपटक पार्किङ शुल्क | हेभि ईक्वुपमेन्ट (डोजर, लोडर आदि) | १०० |
| | | चारपाङ्ग्रे सवारी साधन ठूलो (बस, ट्रक, मिनि बस, ट्र्याक्टर) | ३० |
| | | कार, जिप, भ्यान | २५ |
| | | मोटरसाइकल | ५ |
| | | नोटः पार्किङ स्थल तोकिए पश्चात लागु गरिने | |

## अनुसुची ११

## ट्रेकिङ शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | स्वदेशी | प्रति दिन | २० |
| २ | विदेशी | प्रति दिन | १ डलर |

नौकुण्ड गाउँपालिका, रसुवा

# अनुसुची १२

## सेवा शुल्क दस्तुर

## सिफारीस र प्रमाणित शुल्क

| क्र.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | प्रमाणित शुल्क | नाता प्रमाणित गर्ने | २०० |
| | | मृतकसँगको नाता प्रमाण्ति | १०० |
| | | व्यक्तिगत विवरण प्रमाणित गर्ने | १०० |
| | | हकवाला वा हकदार प्रमाणित गर्ने | २०० |
| | | घर बाटो प्रमाणित वाटो भएको/नभएको | ३००/२०० |
| | | चारकिल्ला प्रमाणित तीन तिर/दुई तिर/एक तिर/नभएको | ५००/४००/३००/१०० |
| | | अङ्ग्रेजी भाषामा गरिने नाता प्रमाणित | ५०० |
| | | आम्दानी प्रमाणित (अङग्रेजी) २० लाख सम्म | १००० |
| | | आम्दानी प्रमाणित (अङग्रेजी) २१ लख देखि ५० लाख सम्म | २००० |
| | | आम्दानी प्रमाणित (अङग्रेजी) ५० लाख भन्दा माथि | ३००० |
| | | आम्दानी प्रमाणित (नेपालीमा) २० हजार सम्म माषिक | २५० |
| | | आम्दानी प्रमाणित (नेपालीमा) २० हजार देखि ४० हजार सम्म माषिक | ३५० |
| | | आम्दानी प्रमाणित (नेपालीमा) ४० हजार माथि रु ३५० मा ०.०३% थप | |

| | | | |
|---|---|---|---|
| २ | धितो मुल्याङ्कन सिफारिस | अङ्ग्रेजी/ नेपाली रु १० लाख सम्म | १००० |
| | | अङ्ग्रेजी/ नेपाली रु १० लाख देखि २० लाख सम्म | १८०० |
| | | अङ्ग्रेजी/ नेपाली रु २० लाख देखि ५० लाख सम्म | ३५०० |
| | | अङ्ग्रेजी/ नेपाली रु ५० लाख देखि १ करोड सम्म | ४००० |
| | | अङ्ग्रेजी/ नेपाली रु १ करोड देखि माथि ४००० मा थप ०.०३% | |
| ३ | सिफारीस | नागरिकता/ नाबालक परिचयपत्र | १०० |
| | | प्रतिलिपि नागरिकता सिफारिस | २०० |
| | | मोही लगत कट्टा | १०० |
| | | अंगीकृत नागरिकता | १००० |
| | | घर कायम | २०० |
| | | व्यवसाय वन्द | २०० |
| | | छात्रवृत्ति, विपन्न विद्यार्थी, अपाङ्ग, असहाय, विपद पिडित | नि.शुल्क |
| | | अस्थायी/ स्थायी बसोवास | १०० |
| | | विद्युत जडान | १०० |
| | | सर्जमिन मुचुल्का | ५०० |
| | | सिफारीस दस्तुर विविध प्रकारका | १०० |
| | | अङ्ग्रेजी भाषमा गरिने विविध सिफारिस | १००० |

| | | | |
|---|---|---|---|
| ४ | व्यक्तिगत घटना दर्ता जरिवाना (३५ दिनभित्र निःशुल्क) | जन्म दार्ता | ५० |
| | | मृत्यु दर्ता | ५० |
| | | विवाह दर्ता | ५० |
| | | बसाइसराइ जाने | २०० |
| | | बसाइसराइ आउने तथा गा.पा. भित्र | २०० |
| | | बाहिरी जिल्ला बाट बसाइसराइ आउनेको हकमा | १००० |
| | | सम्बन्ध विच्छेद | ५०० |
| नोटः प्रतिलिपि बापत तोकिए बमोजिमको दोब्बर शुल्क लाग्नेछ । | | | |
| ५ | झै झगडा मुद्दा मामिला निवेदन | मिलापत्रका लागि मात्र | २०० |
| | | नगद/ जिन्सी दावी सहित | ५०० |
| नोटः झै झगडा/ मुद्दा मामिलामा पिडक ठहरिए पश्चात सम्पूर्ण खर्च पिडक मार्फत भराईने | | | |

## अनुसुची १३

## पर्यटन शुल्क (प्रतिदिन)

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| विस्तृत अध्ययन पश्चात लगाईने | | | |

## अनुसुची १४

## फोहोरमैला व्यवस्थापन शुल्क

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| १ | होटल व्यवसाय | मासिक | |
| २ | पसल | मासिक | |
| ३ | घरबाट निस्कने | मासिक | |

## अनुसुची १५

## नक्सा पास दस्तुर

| क.स. | विवरण | प्रति वर्ग फिट | दर | |
|---|---|---|---|---|
| | | | पक्की | कच्चि |
| १ | घर नक्सा पास | | ४ | १ |

## अनुसुची १६

## सडक अवरोध जरिवाना

| क.स. | विवरण | विस्तृत विवरण | दर |
|---|---|---|---|
| | | | |

## अनुसुची १७

## संघ संस्था समुह दस्तुर

| क.स. | विवरण | विस्तृत विवरण | दर | |
|---|---|---|---|---|
| | | | दर्ता शुल्क | नविकरण शुल्क |
| १ | संघ संस्था | युवा क्लब | १००० | ५०० |

नौकुण्ड गाउँपालिका, रसुवा

## अनुसुची १८

## ढुङ्गा गिटी बालुवा

| क्र.स. | विवरण | विस्तृत विवरण | दर | |
|---|---|---|---|---|
| | | | टिप्पर | आइचर |
| १ | टेक्टर | ढुङ्गा, गिटि, बालुवा प्रति ट्रिप | IEE को प्रतिवेदन अनुसार प्रदेश कानुन बमोजिम ठेक्का पट्टा मार्फत उठाईने | |
| २ | ट्रिपर/ ट्रक | ढुङ्गा, गिटि, बालुवा प्रति ट्रिप | | |
| ३ | स्ल्याव ढुंगा | प्रति ट्रिप | १००० | ८०० |
| ४ | ढुंगा | प्रति ट्रिप | २०० | १०० |

१. यस गाउँपालिकामा व्यवसाय गर्ने व्यवसायीहरुले आ.व.को अन्तसम्ममा व्यवसाय नविकरण नगराएमा देहाय बमोजिम जरिवाना लाग्नेछ :

अर्को आर्थिक वर्षको असोज मसान्त सम्ममा जरिवाना नलाग्ने ।

कार्तिक-पुषमा नविकरण दस्तुरको २५% जरिवाना लाग्नेछ ।

माघ-चैत्रमा नविकरण दस्तुरको ४०% जरिवाना लाग्नेछ ।

बैशाख-असारमा नविकरण दस्तुरको ७५% जरिवाना लाग्नेछ ।

अर्को आर्थिक वर्ष समाप्त भएपछि प्रतिवर्ष १००% का दरले थप जरिवाना लाग्नेछ ।

२. एउटा व्यवसाय मुख्य भई सो भन्दा अरु प्रकृतिको वस्तु समेत विकी गरेमा प्रत्येक प्रकृतिका आधारमा रु १०० का दरले थप दस्तुर लाग्नेछ ।

३. कुनै धार्मिक वा पर्यटकीय मेला लाग्ने स्थलमा उक्त स्थल कारोवार र व्यवसाय हेरी विकास समितिले आम्दानिको २५% गाउपालिकालाइ वुझाउनु पर्ने छ ।

४. नक्सा पास प्रयोजनका लागि तयार गरिएको निवेदन पुस्तिकाको मुल्य रु ३०० लाग्नेछ ।

५. घरहरुका अनुगमन मूल्याङकन गर्दा अनुगमन शुल्क रु ५०० लाग्ने छ ।

६. यस गाउँपालिकाले असुल गर्ने सेवा शुल्क तथा विभिन्न कर दस्तुर हरु ठेक्का प्रकृयावाट असुलउपर गर्दा ठेक्का लिने ठेकेदारले एकमुस्ठ रुपमा नगदै अग्रिम रकम दाखिला गर्न आएमा ठेक्का रकमको १०% रकम छुट दिइनेछ ।

७. भुमिगत तला भन्नाले बाटो भन्दा तलको (underground) पहिलो तलालाइ मानि सो भन्दा माथिका तला हरुलाई कमश : पहिलो, दोश्रो .... गरी गणना गरी नक्सा पास तथा घरकरको शुल्क लिइने छ ।

८. अपाङ्ग, जेष्ठ नागरिक, विपद् बाट प्रभावित तथा विपन्नलाइ सिफारिस लगायत प्रशासनिक कार्यको शुल्क, दस्तुर मिनाहा गरिने छ ।

**प्रमाणीकरण मितिः २०७६।०३।३१**

**आज्ञाले,**
**लोकहरी थापा**
**प्रमुख प्रशासकीय अधिकृत**

नौकुण्ड गाउँपालिका, रसुवा